| निर्देशिका संख्या :- | ७ |
|---|---|

# योजना संचालन तथा उपभोक्ता समिति परिचालन निर्देशकि, २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४/०९/१३ |
|---|---|

खजिन्द्र राई
अध्यक्ष

चौविसे गाउँपालिका
धनकुटा जिल्ला
१ नं. प्रदेश

## प्रस्तावना:

उपभोक्ता समिति मार्फत संचालित हुने योजनाहरुको कार्यान्वयनलाई प्रभावकारी वनाई अपेक्षित नतिजा प्राप्ती मार्फत सवै नागरिकहरुलाई विकासको प्रतिफल दिन र विकास कार्यप्रति नागरिकको स्वामित्व बोध गराई सुशासन र समृद्धि हासिल गर्ने अभिप्रायले, चौविसे गाउँ कार्यपालिकाको मिति २०७४ साल पौष १३ गतेको निर्णय बाट यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यो कार्यविधिको नाम "योजना संचालन तथा उपभोक्ता समिति गठन र परिचालन निर्देशिका २०७४" रहेको छ।

(२) यो कार्यविधि सम्वत् २०७४ साल कार्तिक ७ गते बुधवार बाट चौविसे गाउँपालिका भित्र लागु हुनेछ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) अध्यक्ष भन्नाले चौविसे गाउँ कार्यपालिकाका अध्यक्ष सम्झनु पर्दछ।

ख) उपाध्यक्ष भन्नाले चौविसे गाउँ कार्यपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय शासन ऐन, २०७४ को दफा ७१ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत संझनु पर्दछ।

घ) कार्यपालिका भन्नाले चौविसे गाउँ कार्यपालिका संझनु पर्छ।

ङ) गाउँपालिका भन्नाले संविधान बमोजिम स्थापना भएको चौविसे गाउँपालिका संझनु पर्छ।

च) वडा कार्यालय भन्नाले चौविसे गाउँपालिकाका वडा कार्यालय संझनु पर्छ।

छ) वडा समिति भन्नाले निर्वाचन मार्फत चुनिएका चौविसे गाउँपालिकाका वडाहरुका वडा अध्यक्ष र वडा सदस्य सहितको समितिलाई संझनु पर्छ।

ज) योजना भन्नाले चौविसे गाउँपालिका क्षेत्रभित्र संचालन हुने गरी विनियोजन ऐनमा उल्लेख भएका योजना तथा कार्यक्रमलाई संझनु पर्छ।

झ) लागत सहभागिता भन्नाले योजना संचालन हुने क्षेत्रका लाभग्राहिले योजनाको लागि विनियोजन भएको बजेटमा योगदान गर्नु पर्ने निश्चित प्रतिशतको रकम संझनु पर्छ।

ञ) श्रमदान भन्नाले योजना संचालन गर्दा सो योजना संचालन हुने क्षेत्रका लाभग्राहिले गर्नु पर्ने निश्चित रकम वा दिन वरावरको श्रम लाई संझनु पर्छ।

ट) वडा सचिव भन्नाले वडा समितिको सदस्य सचिव भई कार्य गर्ने कर्मचारी संझनु पर्छ।

ठ) अनुगमन भन्नाले जन प्रतिनिधि तथा कर्मचारीहरुबाट कार्यान्वयनको क्रममा रहेका योजनाहरुको स्थलगत अनुगमन गर्ने कार्य संझनु पर्छ।

## परिच्छेद - २

## योजना संचालन सम्वन्धि व्यवस्था

३. योजना छनौट नगरी बजेट विनियोजन गर्न नपाईने :-

(१) गाउँसभाबाट पारित भएको विनियोजन ऐनमा गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन गर्ने गरी स्विकृत भएका योजना तथा कार्यक्रमहरुमा बजेटको व्यवस्था गर्दा स्पष्ट रुपमा योजना किटान गरेर मात्र रकम विनियोजन गर्नु पर्नेछ। योजनाको नाम किटान नगरी एकमुष्ट रुपमा रकम विनियोजन गर्न पाईने छैन

(२) उपदफा १ बमोजिम योजना किटान गर्दा वडामा विनियोजन भएको बजेट र योजना तथा गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्र, स्थान लगायतका विषयलाई ध्यानमा राखि गर्नु पर्नेछ।

(३) वडाबाट संचालन हुने गरी विनियोजन ऐनमा उल्लेख भएका योजना मध्ये योजनाको प्रकृति र सोमा विनियोजन भएको बजेट सिमालाई ध्यानमा राखि गाउँ कार्यपालिकाको निर्णयबाट निश्चित रकम सम्मका योजनाको संझौता तथा संचालन सम्वन्धित वडा कार्यालयबाटै गर्ने गरी तोक्न सकिनेछ । त्यसरी संचालित योजनाहरुको भुक्तानीको लागि योजनाको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको आन्तरिक अनुगमन प्रतिवेदन, वडा कार्यालयको अनुगमन प्रतिवेदन तथा सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयको लागि स्विकृत भएका योजना सम्वन्धि सम्पुर्ण कामको अन्तिम जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

४. लागत सहभागिता तथा श्रमदान गर्नु पर्ने :-

(१) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संचालन हुने योजनाहरुमा विकासमा स्थानीयहरुको अपनत्व कायम गर्न तथा गुणस्तरको सुनिश्चितता गर्न योजनाको प्रकृति, स्थान तथा सम्वन्धित क्षेत्रका बासिन्दाको आय र गरिबीको स्तर अनुसार लाभग्राहिहरुले अनुसुची १ मा उल्लेख भए बमोजिम लागत सहभागिता वा श्रमदान वा दुवै गर्नु पर्नेछ ।

तर माथि उल्लेख भएका अवस्थाका बावजुद लागत सहभागिता वा श्रमदान जुट्न नसक्ने अवस्था भएमा र निश्चित स्थान र प्रकृतिका योजनाहरुमा गाउँ कार्यपालिकाको निर्णयबाट लागत सहभागित वा श्रमदानको व्यवस्थालाई हटाउन सकिनेछ । र यो आ.ब.०७४/०७५ को लागि विनियोजन ऐनमा उल्लेख भएका सम्पुर्ण योजनाको हकमा २० प्रतिशत श्रमदान वा लागत सहभागिता गर्नु पर्नेछ ।

(२) दफा ३ बमोजिम छनौट हुने योजनाहरु संचालन गर्दा उपदफा १ बमोजिमको लागत सहभागिता वा श्रमदान वा दुवै जुट्न सक्ने स्थानमा योजना संचालन गर्ने प्राथमिकता दिईनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि लागत सहभागिता वा श्रमदान जुट्न नसक्ने क्षेत्रमा निश्चित प्रकृतिका योजना संचालन गर्नु पर्ने अनिवार्यता देखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट योजना संचालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

५. योजना संचालन गर्नु पुर्व लागत अनुमान स्विकृत गर्नु पर्ने :-

(१) गाउँसभाबाट स्विकृत विनियोजन ऐनमा तोकिएका गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संचालन हुने पुर्वाधार र विकास सम्वन्धि योजना कार्यान्वयन गर्नु पुर्व गाउँ कार्यपालिका वा वडाकार्यालयका प्राविधिक कर्मचारीबाट योजनाको लागत अनुमान तयार गराई सो लागत अनुमान गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन हुने योजनाको हकमा कार्यकारी अधिकृतबाट र वडाबाट संचालन हुने योजनाको हकमा सम्वन्धित वडाको वडा सचिवबाट स्विकृत गराउनु पर्नेछ ।

उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि चालु आर्थिक वर्ष ०७४/०७५ को हकमा यो व्यवस्था लागु हुने छैन ।

(२) दफा ३ को उपदफा ३ बमोजिमका योजनाको लागत अनुमान स्विकृतिका लागि सम्वन्धित प्राविधिक कर्मचारीबाट लागत अनुमान तयार गराई कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा १ र २ बमोजिम लागत अनुमान स्विकृत गराउनु अघि गाउँ कार्यपालिकाको कार्यालयबाटसंचालनहुने योजनाको हकमा कार्यकारी अधिकृतले र वडा कार्यालयबाट संचालन हुने योजनाको हकमा वडा सचिवले योजना कार्यान्वयनको विस्तृत कार्ययोजना क्रमशः अध्यक्ष र वडा समितिबाट श्रावण मसान्त भित्र स्विकृत गराउनु पर्नेछ ।

तर आ.व.०७४/०७५ को हकमा उक्त कार्ययोजना कार्तिक मसान्त भित्र स्विकृत गराई सक्नु पर्नेछ ।

६. योजना कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्ने :-

(१) उपदफा १ बमोजिम स्विकृत भएको लागत अनुमान बमोजिम योजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्नेछ । तर उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि ४० लाख वा सो भन्दा बढी लागत अनुमान भएको योजना संचालन गर्दा सो योजनाको विस्तृत

परियोजना प्रतिवेदन (डि पि आर) तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सम्भव भए सम्म त्यस्ता योजना खुला बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम योजना कार्यान्वयन गर्दा स्विकृत लागत अनुमानमा तोकिएको परिमाण र गुणस्तर सुनिश्चित हुने गरी गर्नु पर्नेछ ।

(३) योजना कार्यान्वयनको लागि योजना सम्पन्न गर्ने समयावधि किटान गरी उपभोक्ता समितिसंग संझौता गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम योजनाको संझौता गर्नको लागि सम्वन्धित उपभोक्ता समितिको अध्यक्ष र सचिव अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

तर विशेष कारणवस दुवै जना उपस्थित हुन नसकेमा उपभोक्ता समितिको निर्णय बमोजिम अध्यक्ष वा सचिव मध्ये कुनै एक जना उपस्थित भएपनि योजनाको संझौता गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ३
## योजना अनुगमन तथा भुक्तानी सम्वन्धि व्यवस्था

७. संचालित योजनाको अनुगमन गर्नु पर्ने :-

(१) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संचालित योजनाहरुको स्थलगत अनुगमन जन प्रतिनिधि तथा कर्मचारीहरुबाट कम्तिमा ३ पटक गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम स्थलगत अनुगमन गर्दा योजनाको लागत अनुमान तयार गर्ने प्राविधिक कर्मचारी कम्तिमा २ पटक योजना कार्यान्वयन र सम्पन्न हुंदाका वखत योजनास्थलमा गई अनुगमन गर्नु पर्नेछ ।

(३) उपदफा १ र २ बमोजिम स्थलगत अनुगमन गर्दा अनुगमनकर्ताहरुले योजना कार्यान्वयनको अवस्था,परिमाण, गुणस्तर, लाभग्राहिको प्रतिक्रिया, जनसशभागिताको स्तर लगायतका विषयहरु खुलाई व्यक्तिगत वा सामुहिक प्रतिवेदन लिखित रुपमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम पेश भएको प्रतिवेदन गाउँ कार्यापालिकाको हकमा अध्यक्ष समक्ष र वडा कार्यालयको हकमा वडा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम लिखित प्रतिवेदन पेश भए पश्चात सम्भव भए सम्म प्रत्येक योजनाको र सम्भव नभएमा अन्य योजनाको समेत प्रतिवेदन उपर आवश्यक छलफल गरी योजना कार्यान्वयनमा देखिएका समस्या समाधानको लागि गाउँ कार्यपालिका र वडा समितिले निर्णय गरी आवश्यक कदम चाल्नु पर्नेछ ।

८. अनुगमन टोलि खटाउन सक्ने :-

(१) दफा ७ मा उल्लेख भएको व्यवस्थाको अतिरिक्त गाउँपालिका क्षेत्रभित्र संचालित कुनै पनि योजनाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न अध्यक्षले जनप्रतिनिधि मात्र सम्मिलित वा कर्मचारी सहितको अनुगमन टोलि खटाउन सक्नेछ ।

(२) वडा कार्यालयबाट संचालित योजनाहरुको अनुगमन गर्ने प्रयोजनाका लागि वडा अध्यक्षले वडा सदस्य र कर्मचारीहरुलाई स्थलगत अनुगमनमा खटाउन सक्नेछ ।

९. अंनुगमन प्रतिवेदनको आधारमा मात्र भुक्तानी गरिने :-

(१) गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट संचालित योजनाहरुको कार्य सम्पन्न प्रतिवेदनका अतिरिक्त स्थलगत अनुगमन प्रतिवेदन र सम्वन्धित योजनाको मुल्याङ्कन समितिको प्रतिवेदनको आधारमा मात्र रकम भुक्तानी गरिनेछ ।

(२) योजनाहरुको भुक्तानी गर्दा उपभोक्ता समिति मार्फत लागत अनुमान बमोजिमको सम्पुर्ण कार्य सम्पन्न भए पश्चात एकै चोटी भुक्तानी गरिनेछ । पेश्कि तथा रनिङ्ग विल अनुसार पटके रुपमा भुक्तानी गरिने छैन ।

तर ३ लाख भन्दा बढीको योजनामा योजनाको प्रकृति हेरी मात्र पेश्कि दिइनेछ । पेश्कि दिंदा योजनाको कुल रकमको एक तिहाई भन्दा बढी दिइने छैन ।

(३) उपभोक्ता समितिलाई योजना सम्पन्न पश्चात गरिने भुक्तानी प्रयोजनका लागि १ लाख भन्दा बढी लागतको योजनाको हकमा सम्वन्धित उपभोक्ता समितिले अनिवार्य रुपमा बैंक खाता खोल्नु पर्नेछ। र उक्त बैंक खाता मार्फत मात्रै भुक्तानी गरिनेछ।

(४) उपभोक्ता समितिको बैंक खाता संचालन प्रयोजनका लागि कम्तिमा एक जना महिलाको दस्तखत अनिवार्य रुपमा हुनु पर्नेछ र सो बैंक खाता संचालनका लागि दस्तखत नमुना कार्ड अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालय वा वडा कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ।

(५) योजनाको रकम भुक्तानी माग गर्दा सो योजना संचालन पुर्व, संचालनको अवस्था र सम्पन्न भए पछिको अवस्थाको फोटो सम्वन्धित योजना हेर्ने प्राविधिक कर्मचारीले सम्भव भए सम्म एकै स्थानबाट खिचि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

## परिच्छेद - ४

## उपभोक्ता समिति गठन र परिचालन सम्वन्धि व्यवस्था

१०. उपभोक्ता समिति गठन गर्नु पर्ने :-

(१) गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट संचालित योजनाहरुको संचालन र कार्यान्वयन गर्नको लागि सम्वन्धित योजनाका लाभग्राहिहरु मध्येबाट कम्तिमा ७ र वढीमा १३ जना सम्मको उपभोक्ता समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम उपभोक्ता समिति गठन गर्दा गाउँ कार्यपालिका वा सम्वन्धित वडा कार्यालयले वडा समितिका सदस्य, कर्मचारी वा सामाजिक परिचालकलाई लागत अनुमान स्विकृत भएका योजनाहरुको उपभोक्ता समिति गठन गर्ने प्रयोजनाका लागि मिति, स्थान र समय तोकि उपभोक्ता वा लाभग्राहिहरुको आम भेला बोलाउन जिम्मेवारी दिनु पर्नेछ।

(३) उपदफा २ बमोजिम उपस्थित लाभग्राहिहरु मध्येबाट उपभोक्ता समितिको छनौट गर्न सामाजिक परिचालक, कर्मचारी वा सम्वन्धित वडाको प्रतिनिधिले सहजकर्ताको भुमिका निभाउनु पर्नेछ।

(४) उपभोक्ता समितिका सदस्य संख्याको विषयमा उपदफा १ को अधिनमा रहि निर्णय गर्ने अधिकार आम भेलालाई हुनेछ।

(५) उपदफा १ बमोजिमको आम भेलाबाट उपभोक्ता समिति सर्वसम्मत छनौट हुन नसकेमा ५ दिनको समय भित्र अर्को आमभेला बोलाउनु पर्नेछ। उक्त समयावधि भित्र पनि उपभोक्ता समिति सर्वसम्मत छनौट हुन नसकेमा ३ दिनको समय भित्र अन्तिम आम भेला बोलाउनु पर्नेछ । र उक्तआमभेलामा उपस्थित लाभग्राहिहरुको बहुमतबाट उपभोक्ता समितिको छनौट गर्नु पर्ने छ। बहुमत कायम हुनन सकि मत वरावर भएमा सम्वन्धित वडाको प्रतिनिधि वा गाउँ कार्यपालिकाको प्रतिनिधिले निर्णयक मत दिई उपभोक्ता समितिको गठन गर्नु पर्नेछ। त्यति गर्दा पनिउपभोक्ता समिति गठन हुन नसकेमा सम्वन्धित वडा समिति वा गाउँ कार्यपालिकाको निर्णयबाट उपभोक्ता समिति गठन गर्न सकिनेछ।

११. उपभोक्ता समितिको संरचना :-

(१) योजना संचालन गर्ने प्रयोजनका लागि गठन हुने उपभोक्ता समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुनु पर्नेछ :

क) महिला - ३३ प्रतिशत

ख) दलित - १० प्रतिशत

तर चालु आ.व.०७४/०७५ को हकमा उपदफा १ मा लेखिएको व्यवस्था लागु हुने छैन।

(२) उपदफा १ बमोजिम दलितको प्रतिनिधित्व हुन नसक्ने अवस्थामा आम भेलाको निर्णय अनुसार सिमान्तकृत वा अन्य कुनै समुदायबाट प्रतिनिधित्व गराउन सकिनेछ।

१२. उपभोक्ता समिति मार्फत योजना संचालन गर्नु पर्ने :-

(१) चौविसे गाउँपालिका क्षेत्र भित्र गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट संचालन गरिने योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम संचालित योजनाहरुको कार्यान्वयन र तिनिहरुको गुणस्तरको वारेमा सम्वन्धित योजनाको उपभोक्ता समिति पुर्ण रुपमा जिम्मेवार र जवाफदेहि हुनु पर्नेछ।

(३) योजनाको कार्यान्वयन र सम्पन्न हुने अवस्थामा गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट खटिने अनुगमनकर्ताहरुलाई सहयोग गर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ।

(४) योजनाको कार्यान्वयन सम्पन्न भए पश्चात उपभोक्ता समितिले आम भेला बोलाई योजना कार्यान्वयनका सम्वन्धमा भए गरेको कामकारवाहि, श्रमदान तथा लागत साझेदारीको अवस्था, स्थलगत अनुगमनको अवस्था, कामको गुणस्तर लगायतका विषयमा लिखित प्रतिवेदन तयार गरी उपभोक्तलाई जानकारी गराई अनुमोदन गराउनु पर्नेछ। र सो प्रतिवेदन भुक्तानी माग गर्दा साथै संलग्न गर्नु पर्नेछ।

१३. मुल्याङ्कन समितिको गठन :-

(१) दफा १० बमोजिम उपभोक्ता समिति गठन गर्दाकै अवस्थामा सो योजनाको कार्य प्रगतिको आन्तरिक मुल्यांकन गर्ने प्रयोजनका लागि ३ देखि ५ सदस्यीय मुल्यांकन समिति आम भेलाबाटै गठन गर्नु पर्नेछ।

(२) मुल्याङ्कन समिति गठन गर्ने सम्पुर्ण प्रकृया दफा १० मा उल्लेख भए बमोजिम हुनेछ।

(३) मुल्याङ्कन समितिले योजना कार्यान्वयन अवधिभर कम्तिमा ३ पटक स्थलगत मुल्यांकन गरी सुधारका सुझाव सहित लिखित प्रतिवेदन उपभोक्ता समिति समक्ष पेश गर्नु पर्नेछ। र उपभोक्ता समितिले मुल्याङ्कन समितिको सुझावलाई लागु गर्नु उपभोक्ता समितिको दायित्व हुनेछ।

(४) वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट खटिने अनुगमनकर्ताले उपदफा ३ बमोजिममुल्याङ्कन समितिको प्रतिवेदन समेतको अध्ययन गरी आफ्नो अनुगमन प्रतिवेदन तयार गरी तोकिए बमोजिमको अधिकारी/निकाय समक्ष पेश गर्नु पर्नेछ।

१४. अनुगमन समितिको गठन :-

(१) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संचालित सम्पुर्ण योजनाहरुको अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ :

क) गाउँ कार्यपालिकाका उपाध्यक्ष - संयोजक

ख) योजना संचालन हुने वडाको वडाध्यक्ष - सदस्य

ग) गाउँ कार्यपालिकाका सदस्य मध्येबाट अध्यक्षले तोकेको ३ जना सदस्य - सदस्य

(२) वडा कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन सम्वन्धित वडाको वडाध्यक्षले तोके बमोजिमको सदस्य वा टोलिले गर्नेछ।

## परिच्छेद - ५
## विविध

१५. कन्टिन्जेन्सि सम्वन्धि व्यवस्था :-

(१) गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट संचालन हुने योजनाको रकमबाट अधिकतम ३ प्रतिशत सम्म कन्टिन्जेन्सि रकम कट्टा गरिनेछ ।

१६. मर्मत सम्भार कोषमा रकम जम्मा गरिने :-

(१) निर्माण सम्वन्धि योजनामा विनियोजन भएको रकमको अधिकतम २ प्रतिशत सम्म रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा जम्मा हुने गरी कट्टा गरे पश्चात मात्र सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी गरिनेछ।

तर चालु आ.व. ०७४/०७५ को हकमा उपदफा १ मा उल्लेख भएको व्यवस्था लागु हुने छैन।

(२) उपदफा १ बमोजिम कट्टा गरिएको रकम गाउँ पालिका क्षेत्रभित्रका पुर्वाधारहरुको नियमित मर्मत सम्भार र अनुगमन कार्यमा कार्यविधिको अधिनमा रहि गाउँ कार्यपालिकाले तोके बमोजिम खर्च गरिनेछ।

१७. हेभि इक्विप्मेन्ट संचालन सम्वन्धि व्यवस्था :-

(१) गाउँपालिका क्षेत्रभित्र संचालन गरिने पुर्वाधार र विकास संग सम्वन्धित योजनाहरुमा प्रयोग हुने डोजर, इस्काभेटर, व्याक हु लोडर जस्ता हेभि इक्विप्मेन्ट संचालनको गर्नु पुर्व सम्वन्धित साधनको धनीले वार्षिक रुपमा नविकरण हुने गरी गाउँपालिकालाई रु.१०,०००।- अनुमति शुल्क बुझाउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम संचालन अनुमति पाएका हेभि इक्विप्मेन्ट संचालकले निर्माण तथा पुर्वाधार सम्वन्धि कार्य गरेको विजक उपभोक्ता समिति मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । र सो पेश नगरी फर्म वा निर्माण सेवाबाट उक्त साधन प्रयोग गरेको निस्सा मात्र पेश गरेमा निज संचालक वा फर्म वा निर्माण सेवाले प्राप्त गरेको रकमको १० प्रतिशत रकम वाहाल कर वापत कट्टागरी उपभोक्ता समितिलाई भुक्तानी गरिनेछ ।

१८. योजनाको मर्मत सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा निहित रहने :-

(१) यस कार्यविधि बमोजिम संचालन भएका योजनाहरुको कार्य सम्पन्न भए पछि सोको भुक्तानी भएको मितिले कम्तिमा १ वर्ष सम्म उक्त योजनाको मर्मत सम्भार, रेखदेखको जिम्मा योजना संचालन गर्ने उपभोक्ता समितिमा नै रहनेछ ।

खजिन्द्र राई
अध्यक्ष